७. दरभाउपत्रदाताले मूल्य अंकित औषधीमा वढि दर राखी दिन पाईने छैन । स्वीकृत वोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरिने औषधीको म्याद कम्तीमा १८ महिना वा ७५% म्याद भएको हुनु पर्दछ ।

८. बोतलहरुमा सप्लाई गरिने आइटमहरु सबै प्लाष्टिक बोतलमा हुनुपर्नेछ ।

९. रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । साथै दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र औषधी बुझाउनु पर्नेछ र औषधीको केही अंश अथवा सम्पूर्ण औषधी नै बुझाउन नसकेमा सार्वजनिक खरिद सम्वन्धी ऐन, नियम वमोजिम नै कारवाही हुनेछ सम्पूर्ण करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१०. कार्यालयमा आपूर्ति गर्न औषधि तथा सर्जिकल सामानहरुको ढुवानी दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

११. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नम्बर स्पष्ट रुपमा र **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य सेवाको लागि वितरण"**भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ ।

१२. दरभाउपत्र फाराममा प्रत्येक औषधि आइटमवाइज उत्पादन कम्पनी (WHO GMP Certified Company) को नाम अनिवार्यरुपले भर्नुपर्नेछ । सुई, धुलो तथा झोल औषधिहरु बाहेक अन्य सम्पूर्ण औषधिहरु स्ट्रिपमा आपूर्ति गर्नुपर्नेछ ।

१३. सबैभन्दा कम बोलकवोल गर्ने फर्म तथा सप्लायर्सको बोल पत्र स्वीकृत गरिनेछ ।

१४. दरभाउपत्रदाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

१५. उपरोक्त सर्त वाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन नियम वमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।